कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३२२ | वि.सं. २०८१ चैत २ शनिवार | नेपाल संवत: ११४४, चैत कृष्ण प्रतिपदा | Saturday 15 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# भारतको केन्द्रीय बैंकद्वारा माथिल्लो कर्णालीमा लगानी गर्न अस्वीकार

**रमेश रावल**
**सुर्खेत, १ चैत ।**

माथिल्लो कर्णाली परियोजनामा लगानी गर्न भारतीय केन्द्रीय बैंकले अस्वीकार गरेको छ। भारतको केन्द्रीय बैंक (रिजर्भ बैंक अफ इन्डिया) ले नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णालीमा लगानी गर्न अस्वीकार गरेको हो। माथिल्लो कर्णाली परियोजनामा पाँच प्रतिशत स्वपुँजी लगानी गर्ने भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (इरेडा) को प्रस्ताव अस्वीकृत गरिदिएको छ।

इरेडाले भने भारतको केन्द्रीय बैंकमा पुनः आवेदन पेस गर्न लागेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। फागुन २३ मा भारतको केन्द्रीय बैंकले अस्वीकृत गरेको निर्णय पत्रमार्फत इरेडालाई जानकारी गराइएको सञ्चार माध्यममा उल्लेख छ।

२०२४ जुलाई १६ मा बसेको इरेडाको सञ्चालक समिति बैठकले भारतीय कम्पनी ग्रान्धी मल्लिकार्जुन राव (जीएमआर) ले पाएको माथिल्लो कर्णालीमा १० प्रतिशतसम्म स्वपुँजी लगानी गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो। तर भारतको केन्द्रीय बैंकले माथिल्लो कर्णालीमा स्वपुँजी लगानी गर्ने इरेडाको प्रस्ताव अस्वीकृत गरेपछि नेपालमा वित्तीय व्यवस्थापन के हुन्छ भन्ने प्रश्न उठेको छ।

इरेडाले जीएमआर, भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् विकास निगम (एसजेभीएन) र नेपाल विद्युत् प्राधिकरणसँग संयुक्त उपक्रम (जेभी) सम्झौता भएको भन्दै गत माघ ३ मा प्रेस विज्ञप्ति जारी गरेको थियो। जीएमआरले गत माघ २ मा वित्तीय व्यवस्थापनसँग सम्बन्धित कागजात लगानी बोर्डमा बुझाएको थियो। माथिल्लो कर्णालीमा इरेडा ६५ अर्ब भारु कर्जा लगानी गर्न सकारात्मक रहेको र नेपाली बैंकहरुको समूहले २० अर्ब रुपैयाँ कर्जा लगानी गर्न सैद्धान्तिक सहमति दिएको भन्दै जीएमआरले लगानी बोर्डमा कागजात बुझाएको थियो।



वित्तीय व्यवस्थापन सम्बन्धी कागजात अध्ययन गर्न गठित समितिले मूल्यांकन गरिरहेको लगानी बोर्डका प्रवक्ता प्रद्युम्न उपाध्यायले बताए। 'मूल्यांकनका लागि एउटा स्वतन्त्र समिति गठन गरिएको छ, उक्त समितिले अहिलेसम्म प्रतिवेदन बुझाएको छैन,' उनले भने, 'समितिले प्रतिवेदन बुझाएपछि बोर्ड बैठकमा पेस गर्नेछौं।' आगामी बोर्ड बैठकमा पेस गर्ने गरी मूल्याङ्कन समितिले काम गरिरहेको उनले जनाए।

'रिभ्युका लागि विज्ञ समूहलाई दिइएको छ। बोर्ड कहिले बस्छ भन्ने हो,' उनले भने, 'जीएमआरले बुझाएका सबै कुरा मिलेका छन्। नियमअनुसार छ भने माथिल्लो कर्णालीको वित्तीय व्यवस्थापन स्वीकृत नै हुन्छ।' माथिल्लो कर्णालीमा लगानी गर्ने इरेडाको प्रस्ताव भारतको केन्द्रीय बैंकले स्वीकृत नगरेको विषयबारे आफू जानकार नभएको उपाध्यायले बताए।

'इरेडाको प्रस्ताव स्वीकृतिको आन्तरिक कुरा हामीलाई जानकारी छैन, मूल्यांकन समितिले त्यसलाई पनि पक्कै विश्लेषण गर्ला,' उनले भने, 'पाँच प्रतिशत सेयर लिएर इरेडा माथिल्लो कर्णालीमा सदस्यका रूपमा आउन खोजेको छ। त्यतिले मात्रै असर नगर्ला।' जीएमआरले आफ्नो पूरै नेटवर्थ नै ग्यारेन्टीका रूपमा राख्ने, एसजेभीएनले राख्नेलगायत विषय रहेकाले मूल्यांकन समितिले अध्ययन गरेर प्रतिवेदन बुझाइसकेपछि त्यसका आधारमा बोर्डको बैठकले निर्णय गर्ने उनले सुनाए। माथिल्लो कर्णालीमा जीएमआरको ३४ प्रतिशत, भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् विकास निगम (एसजेभीएन) को ३४ प्रतिशत, इरेडाको ५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत सेयर रहन्छ।

लगानी बोर्डको ६० औं बैठकले जीएमआरले बुझाएको सेयर संरचना परिवर्तनलाई स्वीकृत गरेको थियो। यसअघि जीएमआरले माथिल्लो कर्णालीको बोर्डमा नौ जना सदस्यको प्रस्ताव गरे पनि लगानी बोर्डले ११ जना राख्नुपर्ने निर्णय गरेको उपाध्यायले जनाए। माथिल्लो कर्णालीको बोर्डमा अब जीएमआरका ३, एसजेभीएनका ३ जना, इरेडाका १, नेपाल विद्युत् प्राधिकरणका दुई र स्वतन्त्र सदस्य दुई जना (एक जना नेपाली नागरिक नै हुनुपर्ने) निर्णय गरेको थियोर।

सरकारले सर्वोच्च अदालतमा मुद्दा परेपछि जारी अन्तरिम आदेशका कारण गुम्न गएको १८६ दिन समय थपिएको छ। सर्वोच्च अदालतले अब समय नथप्न भनिसकेकाले माघ ४ भित्र आयोजना निर्माणका लागि वित्तीय स्रोत जुटाइसक्नुपर्ने बाध्यता थियो। यसअघि सरकारले २०७९ असार ३१ मा आयोजनाको वित्तीय व्यवस्थापनका लागि २ वर्ष म्याद थपेको थियो। उक्त निर्णयलाई लिएर सर्वोच्चमा मुद्दा परेको थियो।

सर्वोच्चले २०७९ कात्तिक १७ मा उक्त रिटमाथि सुनुवाइ गर्दै म्याद थप कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो। त्यसपछि रतन भण्डारीलगायतले दायर गरेको रिटमा २०८० वैशाख २४ मा सर्वोच्च अदालतको संवैधानिक इजलासले फेरि म्याद नथप्न मन्त्रिपरिषद्लाई निर्देशनात्मक आदेश दिएको थियो। मुद्दा पर्नुअघिसम्म थप भएको म्यादलाई सर्वोच्चले वैधता दिएपनि त्यसपछि म्याद थप्न भने रोकेको थियो। यसअघि वित्तीय स्रोत जुटाउन नसकेपछि जीएमआर कम्पनीलाई पटक-पटक म्याद थप गरिएको थियो।

माथिल्लो कर्णालीमा वित्तीय स्रोत जुटाउन मात्रै १० वर्षको समय पाइसकेको र उक्त समय पर्याप्त भन्दै सर्वोच्चले पुनः म्याद थप गर्नु नपर्ने आदेशमा उल्लेख छ। सरकार र जीएमआरबीच २०६४ माघ १० मा माथिल्लो कर्णाली परियोजनाको सर्वेक्षण तथा तीन सय मेगावाट विद्युत् निर्माण गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको थियो। सरकारले माथिल्लो कर्णाली निर्माण,

बाँकी २ पेजमा

# सरकारको आम्दानीभन्दा खर्च बढी
## आठ महिनामा २३ प्रतिशत मात्रै विकास खर्च

**युग संवाददाता**
**काठमाडौँ, १ चैत ।**




चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो चौमासिकसम्म सरकारको आम्दानीभन्दा खर्च बढी देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत फागुन मसान्तसम्ममा सरकारले रू सात खर्ब ३८ अर्ब ८२ करोड १३ लाख आम्दानी गर्दा रू आठ खर्ब ३९ अर्ब ३५ करोड ६० लाख खर्च भएको छ। अर्थात दोस्रो चौमासिकसम्ममा सरकारको आम्दानीभन्दा रू एक खर्ब ५३ करोड ४७ लाख खर्च बढी छ।

त्यस्तै, यस अवधिमा सरकारको विकास खर्च पनि निकै कमजोर देखिएको छ। महालेखा नियन्त्रकको तथ्याङ्कअनुसार फागुन मसान्तसम्ममा पुँजीगत खर्च वार्षिक विनियोजनको २३ दशमलव ३७ प्रतिशत मात्रै छ। सरकारले चालु आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बजेट विनियोजन भएकोमा हालसम्म रू ८२ अर्ब ३३ करोड ६० लाख बराबर मात्रै खर्च भएको देखिएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। फागुन मसान्तसम्म वार्षिक विनियोजनको ४५ दशमलव १२ प्रतिशत अर्थात रू आठ खर्ब ३९ अर्ब ३५ करोड ६० लाख बराबरको खर्च भएको छ।

चालु शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा ५१ दशमलव २१ प्रतिशत अर्थात रू पाँच खर्ब ८४ अर्ब १२ करोड ७८ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्थापन शीर्षकमा रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा ४७ दशमलव ०७ प्रतिशत अर्थात रू एक खर्ब ७२ अर्ब ८९ करोड २२ लाख बराबर खर्च भएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य रहेकामा हालसम्म ५० दशमलव दुई प्रतिशत अर्थात रू सात खर्ब ३८ अर्ब ८२ करोड १३ लाख बराबर असुली भएको छ। जसमध्ये, कर राजस्वतर्फ रू १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख विनियोजन भएकोमा ४९ दशमलव ७४ प्रतिशत अर्थात रू छ खर्व ३८ अर्ब ७९ करोड

बाँकी ४ पेजमा

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

# किशोर हत्या आरोपमा छ जना पक्राउ

**युग संवाददाता**
**सुर्खेत, १ चैत ।**

कालीकोटको खाँडाचक्र नगरपालिका-१० चौकीमा कुटपिट र चक्कु प्रहारमा संग्लन छ जना किशोरलाई प्रहरीले पक्राउ गरेको छ। दुई गाउँका किशोरहरुबीच झगडा हुँदा कुटपिट र चक्कु प्रहारबाट तिलागुफा नगरपालिका ७ छाप्रेका १७ वर्षीया राजेश शाहीको मृत्यु भएको थियो।

त्यस्तै १६ वर्षीय भूपेन्द्र शाही सामान्य घाइते भएका थिए। बुधबार राति खाँडाचक्र-१० चौकीस्थित हस्तबहादुर मल्लको नयाँ घरको पूजा र रमाइलो हेर्न आएकाबीच कुटपिट र चक्कु प्रहारमा संग्लन खाँडाचक्र- ९ दशला घर भएका ५ जना किशोरलाई पक्राउ गरिएको कालीकोटका प्रहरी प्रमुख डीएसपी टेकबहादुर रावतले बताए।

'सुरुमा कुटपिट गर्ने पाँच र अन्तिममा चक्कु हान्ने एक गरी छ जना पक्राऊ परेका छन्,' उनले भने, 'सोधपुछका लागि घरको पूजा आयोजना गर्ने घर धनीका पती-पत्नीलाई पनि मान्म ल्याइएको छ।'

## डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,


**त्यसैले डढेलोबाट जोगिन:**

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
yugnews.com

# सुर्य नमस्कारका विधीहरु



✍ हेमप्रकाश भुषाल
(योग शिक्षक)
वीरेन्द्रनगर-१०, सुर्खेत




सुर्य नमस्कार गर्दा भनिने मन्त्र १२ प्रकारका हुन्छन ।

१-ॐ मित्राय नमः/२-ॐ रवये नमः/३-ॐ सुर्याय नमः/४-ॐ भानवे नमः/५-ॐ खगाय नमः/६-ॐ पुष्णे नमः/७-ॐ हिरण्यगर्भाय नमः/८-ॐ मरीचये नमः/९-ॐ आदित्याय नमः/१०-ॐ सावित्रे नमः/११-ॐ आर्काय नमः/१२-ॐ भास्कराय नमः

यसको अभ्यासले कटी प्रदेश लचिलो बनाउछ । पछाडिको बोसोलाई कम गर्दछ । पछाडिको मासपेसीहरुमा बल पर्नाले ति अंगहरुलाई पुर्णतया लाभ पुग्न जान्छ र छातिमा जोडीएका अंगमा पनि प्रभाव पर्ने भएकोले स्वस्थ हुदै जान्छन ।

१) ॐ मित्राय नमः-विधि सुर्यको सामु उभिएर नमस्कारको स्थितिमा हातलाई छातीको छेउमा राख्नुहोस्

२) सासलाई भित्र लिदै अगाडिबाट हातलाई खोल्दै पछाडितिर लैजानयहोस् ।दृष्टिलाई माथि आकाशतिर केन्दित गर्नुहोस ।कम्मरलाई पनि सकेसम्म पछाडितिर झुकाउनु होस् ।

३)सासलाई बाहिर निकालेर हातलाई पछाडिबाट अगाडि तिर झुकाउदै खुट्टाको छेउमा भुइँमा लानुहोस् ।यदि सकिन्छं भने हातका हत्केलाले भुइँमा छुनुहोस् ।टाउकोलाई घुँडामा पुर्याउने प्रयास गर्नुहोस ।

४)अव तल झुक्दै हातका हत्केलालाई छातीमा दुबैतिर टेकाएर राख्नुहोस ।बायाँ खुट्टालाई उठाएर पछाडि भुजंगासन को स्थितीमा लैजानुगोस ।दायाँ खुट्टालाई दुबै हातहरुको बिचमा राख्नुहोस घुँडालाई छातीको अगाडि राख्नुहोस र खुट्टाका कुर्कुच्चा लाई भुइँमा टेकाउनुहोस् । दृष्टिलाई आकाशतिर केन्द्रित गर्नुहोस र सासलाई भित्र भर्नुहोस् ।

५)सास बाहिर निकालेर दायाँ खुट्टालाई पनि पछाडि लैजानुहोस् ।गर्दन र टाउको दुइ हातहरुको वीचमा राख्नुहोस् ।नितम्ब र कम्मरलाई माथि उठाउदै टाउकोलाई झुकाएर नाभीतिर हेर्नुहोस ।

६)हातका हत्केला खुट्टाका पैतलालाई स्थिर राख्दै छाती र घुँडाले भुइँलाई छुनुहोस र यस प्रकारले दुई हात दुई घुँडा छाती र टाउँको यी आँठवटै अंगहरुलाई भुईमा छुटाउने यो सांष्टागासन हो ।श्वास प्रश्वास लाई सामान्य राख्नुहोस ।

७)सासलाई भित्र भरेर छातीलाई माथि उठाउदै आकाशतिर हेर्नुहोस कम्मरलाई भुइँमा टेकाउँनुहोस ।

८)पुर्व लिखित विधि संख्या ५ को जस्तै

९)विधि संख्या ४ को जस्तैःतर यसमा खुट्टाको स्थितिलाई बदल्नुहोस् ।यसमा बायाँ खुट्टालाई दुबै हातहरुको बिचमा राख्नुहोस ।

१०)विधि संख्या ३ को जस्तै (११)विधि संख्यस २ को जस्तैः(१२)विधि संख्या १ को जस्तैः

**सुर्य नमस्कार बाट हुने लाभः-**

१)सुर्य नमस्कार एउटा पुर्ण ब्यायम हो ।यो ब्यायाम गर्दा शरीरका सबै अंगहरु बलिया तथा निरोगी हुन्छन ।

२)पेट आन्द्रा तथा आमासय, मुटु तथा फोक्सोलाई यसले स्वस्थ बनाई राख्छ ।

३)मेरुदण्ड तथा कम्मरलाई लचिलो बनाएर त्यहाका विकृतिलाई हटाँउछ/लिगामेन्ट मा हुने कठिनाई निको हुने ।

४)सम्पूर्ण शरीरमा रक्त संचारलाई सुचारु रुपले संचालन हुन जान्छ ।त्यसैले रगतलाई शुद्ध बनाएर छालासम्बन्धी रोगहरुलाई चाउरी पर्नबाट बचाउछ,सधै अनुहारमा चमक ल्याउँछ ।

५)हात,खुट्टा,पाखुरा,तिघ्रा,काँध आदि सवै अँगहरुको माँसपेशीलाई पुष्ट,बलियो र सुन्दर बनाउँछ ।

६)मानसिक शान्ति तथा बल,ओज,तेज बनाई राख्छ ।

७)यो आसन मधुमेहका रोगीहरुलाई ज्यादै उपयोगी मानिन्छ/

(८)यो आसनले शरीरलाई आरोग्यता बनाई राख्छ ।

९) नकरात्मक सोच हुने मानिसहरुमा सकारात्मक भावना पैदा हुदै जान्छ ।

१०) पाचन तन्त्र सकृय बनाउछ/ओजन घटाउन सकिने/कार्डियोभास्कुलर कृयासिल ले राम्रो काम गर्छ । पेटमा भएका अनगिन्ती रोग निको हुने ।/दैनिक सुर्य नमस्कार गर्दा पानीको मात्रा सन्तुलित रहन्छ ।

११)सुर्य नमस्कार गर्दा सास लिने र फाल्ने गर्दा अक्सिजनको मात्रा बढने हुदा शरीरमा रहेका सवै अंगहरु सकृय रहन्छन ।

१२) सास लिदा अक्सिजन प्राप्त हुने र सास फाल्दा कार्वनडा अक्साइड बाहिर निस्कने भएको हुदाँ शरीरभित्र रहेका अनगीन्ती खराव तत्व बहिर निस्केर र जान्छन ।

१३) मस्तिष्कको स्मरण शक्ति बढन जान्छ ।

१४) थाइराइड ठिक हुन्छन ।

१५)महिलाहरुको मासिक धर्ममा हुने कठिनाई निको हुने ।

कविता

# दाश र स्वातन्त्रता



✍ मा. घनश्याम भण्डारी

उतरआधुनिक शासन
ब्यस्बस्था
संरक्षणको अभावमा जिर्ण
बन्दै छ
जनता को लागि जनता द्वारा
जनताको नेर्तृत्व
अझ आबधिक निर्बाचन
समानुपातिक समाबेशी
संबैधानिक प्रबन्ध
बुझेर हो कि नबुझेर हो
बादरको हातको नरेवल हुने पो
हो कि ?
बिसौ दशक पानी नदिने
धाराले फेरि
आज तिर्खा मेटाउछु भन्ने
सपना बाढ्दैछ
होसियार हुनुहोला यहा
झुक्याउदै छन
याद आएको छ पुरानो
बिज्ञापनको
हाती बलियो कि हात्तीछाप
चप्पल बलियो
समस्यामा देश भित्रको देश
खोज्ने हो
यहा देश बाहिरको प्रदेश
खोजिदै छ
बिचित्रको छ ससार भाउ बुझ्नु
होला बिश्वबजार को
शेयरको नेप्से घटेको छ घटेको
छ राजनितिको अर्थ बजार
समयमा उपभोग नभर
कुहिएला भन्ने चिन्ता
बजार जस्तै शासनमा
उतारचढाव भैरहन्छ
जसको शासनकालमा मान्छेले
सवारी साधन बोक्थे
अहिले सवारी साधनले मान्छे
बोक्छ
उहिले बालक जन्मिन्थे बाच्थेन
आमा र सन्तानको मृत्यु
सामान्या प्रचलन थियो
अहिले आमा बच्चा मर्न
मुस्किल पर्छ पाइदैन
हेलिकप्टर ले उद्धार गर्छ
सुत्केरी आमाहरुले अस्पताल
देख्न पाउछन
उनको साशनमा उनैको
परिबारको काशन थियो
सडकमा हिडन पाइदैनथ्यो
उनको मर्जिबिना
प्रबिन गुरुङहरुको परिवारले
अझै न्याय पाएको छैनन
टुकि बाट रैतिको घरमा बत्ती
पुगेकोछ
आबा बाट हातहातमा
मोबाइल आएको छ
दरबार स्कुल बाट गाउगाउमा
बिध्यालय महाबिध्यालय र
बिश्वबिद्धालय बने
बैध्यखाना बाट गाउसहरमा
थुप्रै अस्पताल
मेडिकल कलेज र स्वास्थ्य
बिज्ञान प्रतिष्ठानहरु बने
एउटा नया सडक मात्र भएको
उनको पालाबाट
देशभर राजमार्ग र सडक
बनेको छ
कम्मरमा लौका चिन्ना बाधेर
डुंगामा नदि तर्ने पर्चलन
आज सुबिधा सम्पन्न पुलमा
बदलिएको छ
आवामा समाचार आउथ्यो
उनको राज्यमा
जमाना बदलिएको छ अहिले
सोसिएल मिडियामा कुरा हुन्छ
सोसाइटी बदलिएको छ
चेतना कतै कतै बदलिएको
छैन
हजुर फेरि के आदर्स को कुरा
गर्नु हुन्छ ,
यो जमानामा को देश भक्त को
देशद्रोही ?
दाउरा जलेर आगो भए पछि
पक्का खरानी हुनुपर्छ
घमन्ड को खोल ओढेर हुदैन
महाशय,
को धर्मात्मा को पापि त्य त
समयले बताउला
अब पुर्खाको बिरासत सम्झेर
केहि हुन्न हजुर
जमानाले फेरिए सम्बन्ध
फेरियो युग
हजुर होस राख्नुस सधै भरि
दुनिया रैति , रैती दुनियाँ
भैरहन्छन
नागरिक अधिकारको उपयोग
गर्दै
केहि नागरिकहरु दिउसै
सडकमा
उहि पुरानो सदाबहार भक्ती
गितमा
चौतारीमा ..........
देइरालिमा .......
पुरानो गित पुरानै भाका
बजाएर
राष्ट्रिय झण्डा लिएर सडक
भरि घुमिरहेछन
केहि हुदैन हजुर
धमिलो पानीमा माछा मार्न
सकिन्छकि भनेर
दुधको दुध पानीको पानी
छुट्टीएको छ
बैज्ञानिक समाजबाद
चाहिएको छ
आजको नेपाल र नेपालीपन
सिमाहिन भएको छ
टेरोटोरी बाट देश हेर्ने
दृष्टिकोणलाई पुरातन मान्दै
संसार भर फैलिएको छ
नेपालीपनको आएतन
युरोप, अमेरिका ,जापान
, कोरिया दुबै , कतार,
मलेशिया, साउदिअरब,
साइप्रस आदी इत्यादी सबैतिर
यो बेला अन्ध राष्ट्रबाद किन
जुर्मुराइ रहेको होला
म अनुमाण गर्छु मनमा प्रश्न
उठछ किन यस्तो भएको छ ,
कारण खोज्छु आफ्नै मनले
उत्तर दिन्छ
शायद 'दास'हरुलाई
'स्वतन्त्रता' मन पर्दैन !
*(दुल्लु नपा-८, दैलेख)*

कथा :

# अमरत्यलाई ओरहाको कोसेली



✍ इरिन गुरुङ

"ए माने ! आज गाउँ फर्कन ९/१० दिन छ है भन्ने दिनहरूको पनि अन्त्य भयो ।" वैराग्य मिश्रित आवाजमा बोल्दै जान्छन् ललित, "चर्को घामको बाटोमा सिंयालको चौतारी पाए जस्तो अनुभव हुँदै छ मलाई त । तर त्यो चौतारा बिसाउनीमा जति शान्त, शीतल पाए पनि एउटा न एउटाको अभाव, महसूस हुन्छ होला है, जसो कि, एक जना कोही आउनै बाँकी छ ।"

गाउँबाट देखिने हिमाल, पहाड, खोलानाला, गाई, भैंसी चराउँदाको सुसेली चराहरूका अविराम भाकाहरू सुन्दै आएका माने र ललित, घनिष्ठ साथी थिए । माने र ललित गाउँ फर्कन पाएकोमा आनन्दित छन् र ती अनुभव साझेदारी गर्दै आइपुगे गाउँ ।

"ल है माने भोलि गायत्री आमैको घरमा भेटौंला । ओहोरा ल्याउन नबिर्सनु है, अमरत्य रिसाउला," ललितले सम्झाउँछन् ।

त्यति भन्दै ललित र माने आआफ्नो बाटो लाग्छन् । भोलिपल्ट बिहान प्रतिज्ञा गरेअनुसार माने र ललित, गायत्री आमैको घरमा भेट्छन् । ललितको एक हातमा मोही र अर्को हातमा कोदोको रोटी हुन्छ भने मानेको दुवै हातमा ओरहा चिउरा, चिनीको पोका हुन्छन् ।

"ए ललिते, ए माने, आयौ ? आखिरमा यही गाउँ प्यारो हुँदो रहेछ हैन त ?" पानी गाग्रीमा ओसार्दै गरेकी गायत्री आमैले ललित र मानेलाई गाउँमा स्वागत गर्छिन् ।

"हो आमा ! गाउँको यादले रातदिन अधीर बनाउँथ्यो । गाउँको मात्र कहाँ हो र अमरत्यलाई भेट्न पनि उत्सुक भएका थियौं ।" गाग्रीमा पानी ओसारिरहेकी गायत्री आमैले अलि निराशाका साथ भन्छिन् । "आओ ! आओ ! भेटो तिमीहरूका साथीसँग । मसँग त मन मारिसक्यो अमरत्यले ।"

वर्षौंभरी नभेटेको मित्रलाई भेट्न ललित र माने उत्साहित हुन्छन् ।

"कता छ होला त आमै अमरत्य ?"

"अमरत्य जहाँ हुनुपर्ने हो बाबु त्यहीं छ, तिमीलाई थाहा छ होला कहाँ निराशा भई गाग्रीको पानीमा आफ्नो प्रतिबिम्ब देख्ने गरी टाउको झुकाउँछौ !"

"अमरत्य तँ सञ्चै छस् ? कतै अगिल्लो महिनाको बर्खाले त तँलाई चिसो त पारेन ?" भन्दै ललित अमरत्यलाई हेर्छ ।

अमरत्यलाई रोटी खुलाउँदै र बटुकीमा ओरहा राख्दै मानेले भन्छ, "ओ अमरत्य पहिला घाँस काट्न सँगै जाँदा हामी रोटी त बाँडेर खान्थ्यौं तर तैंले ओरहा कहिले बाँढेनस् बरु तँ नै कुरुमकुरुम गर्दै खान्थिस् । अहिले किन तेरो ओरहाको बटुकी चोखो ? याद छ चौतारीमा विभिन्न शहरीय कुरा गर्दै घण्टौं बिताउँथ्यौं ।"

सुख, दुःख र अपरिवर्तित विगतका समय सम्झी ललित, माने र खुट्टा चिसिएको अमरत्य कुरा गर्छन् । साँझपख जब ओरहाको एउटा मकै, रोटीको एउटा टुक्रा मोहीको एक थोपा रहन्न तब ललित र माने घर फर्कन उठ्दछन् । आफूले लगाएको लुगामा लागेको धुलो टकटकाउँदै मानेले भन्छ, "अमरत्य तँ हाम्रो लागि प्यारो मित्र होस् । वर्षाको पानीले रुझाएमा, गृष्म महिनाको चर्को घामले चिरचिराएमा तेरो एक्लोपनलाई साथ दिन हामी भेट्न आइरहन्छौं । ओरहा खान दाँत चिलायो भने हामीले फेरि तँलाई कोसेली ल्याइदिनेछौं । तिमी माटोमा आजीवित भए पनि हाम्रो कोसेली स्वीकार गर है । भोलि तेरो चिहानमा सानो अर्किडको बीउ रोपिदिनेछौं ।"

एक झोक्का हावाले उनीहरूलाई सुमसुम्याउँछ जसो कि अमरत्य पनि उनीहरूसँग प्रकृतिको भाषामा बोलिरहेको हो ।

त्यति भन्दै ललित र माने अमरत्यको चिहानमा कोसेली छाडेर आफ्नो घर फर्कछन् ।

## भारतको....

स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडलअर्न्तगत जीएमआरलाई दिएको थियो । आयोजना निर्माण गर्न अन्तर्राष्ट्रिय बोलकबोल गरिएकामा जीएमआरको प्रस्ताव उत्कृष्ट भन्दै तत्कालीन सरकार र जीएमआरबीच २०६५ सालमा आयोजना निर्माणका लागि समझदारीपत्र भएको थियो ।

२०६६ पुस ५ मा जीएमआरले तीन सय मेगावाटबाट अधिकतम उपयोग गरी नौ सय मेगावाट पुर्‍याउन विद्युत् विकास विभागसमक्ष निवेदन दिएको थियो । २०६८ मा लगानी बोर्डको स्थापना भएपछि लगानी बोर्ड ऐन, २०६८ को प्रावधानअनुसार यो आयोजनालाई मन्त्रिपरिषद्मार्फत निर्णय गराएर लगानी बोर्डको कार्यालय मातहत राखिएको थियो । त्यसैगरी २०७१ असोज ३ मा लगानी बोर्ड र जीएमआरबीच आयोजना विकास सम्झौता (पीडीए) भएको थियो ।

पीडीए भएको दुई वर्षभित्र वित्तीय स्रोत जुटाउनुपर्ने भए पनि निर्धारित समयमा वित्तीय स्रोत जुटाउन नसकेपछि २०७३ पुसमा एक वर्ष म्याद थपिएको थिया । थपिएको एक वर्षमा पनि वित्तीय स्रोत जुटाउन नसकेपछि २०७४ कात्तिकमा बोर्डले पुनः एक वर्ष म्याद थपेको थियो । २०७५ भदौयता (२०१८ सेप्टेम्बर) वित्तीय व्यवस्थापनका लागि जीएमआरलाई समय थप गरिएको थिएन । त्यसपछि २०७९ असार ३१ मा मन्त्रिपरिषद् बैठकले अर्को दुई वर्ष म्याद थप गर्ने निर्णय गरेको थियो । पीडीएअनुसार नेपालले १२ प्रतिशत बिजुली निःशुल्क र २७ प्रतिशत सेयर नेपाल विद्युत् प्राधिकरणले पाउनेछ ।

विश्व

### नासाको स्पेसएक्स मिसन :


## अन्तरिक्षमा रहेका दुई यात्री पृथ्वी फर्किंदै

**याङ्गुन, १ च ।**

प्राविधिक समस्याका कारण बुधबार प्रक्षेपण प्रयास रद्द भएपछि नासा र स्पेसएक्सले शुक्रबार एजेन्सीको क्रु-१० मिसनलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस)मा प्रक्षेपण गर्ने लक्ष्य राखेका छन् ।

यो मिसन पहिले फ्लोरिडाको नासाको केनेडी स्पेस सेन्टरबाट बुधबार पूर्वी समयअनुसार साँझ ७:४८ बजे स्पेसएक्स फाल्कन ९ रकेटबाट प्रक्षेपण गर्ने तालिका थियो, तर फाल्कन ९ रकेटको ग्राउन्ड सपोर्ट क्ल्याम्प आर्ममा हाइड्रोलिक प्रविधिको समस्याका कारण प्रक्षेपण रद्द गरिएको नासाले जनाएको छ ।

नासाका अनुसार मिसन प्रबन्धकहरूले बुधबार साँझ भेट गरे र अन्तरिक्ष यानको उडानमार्गमा उच्च हावा र वर्षाको




पूर्वानुमानका कारण प्रक्षेपण प्रयास बिहीबार स्थगित गर्ने निर्णय गरे ।

यो मिसनले चार अन्तरिक्ष यात्रीहरूलाई आइएसएसमा लैजानेछ । गत जुनदेखि अन्तरिक्षमा फसेका नासाका अन्तरिक्ष यात्री सुनी विलियम्स र बुच विल्मोरसहित चार अन्तरिक्ष यात्रीहरूलाई फाल्कनले पृथ्वीमा ल्याउनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — बुद्धिको उपयोगले अधिकार वा प्रतिष्ठा जोगाउन सफल भइएला । विद्यार्थीहरूको अध्ययन अध्यापनमा मन लाग्नेछ । दाम्पत्य जीवन सुमधुर रहनेछ ।

**वृष** — घरपरिवार वा अनुयायीको साथले उत्साह जाग्नेछ । पशुपालन वा कृषिबाट राम्रो लाभ मिल्नेछ । माताको स्वास्थलाई लिएर चिन्ता रहनेछ ।

**मिथुन** — साहसिक कार्य गर्ने समय रहेको छ । कार्यक्षेत्रमा सफलता मिल्नेछ । आय आर्जनका नयाँ स्रोतहरू बन्नेछन् । तत्कालको फाइदा हेरेर परिस्थिति बिग्रिन सक्ला ।

**कर्कट** — रोकिएका कार्य सम्पादन हुनेछन् । शुभचिन्तकहरूबाट महत्वकांक्षी योजना पूरा हुनेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

**सिंह** — कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ । उद्योग व्यापारमा लाभ मिल्नेछ । चुनौतीपूर्ण कार्य सम्पादन हुनाले मन प्रसन्न रहनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ ।

**कन्या** — नोकरी वा पेशामा दोहोर्याएर काम गर्दा फाइदा हुनेछ । वैदेशिक रोजगारबाट लाभ मिल्नेछ । नयाँ कार्य थालनीको लागि उपयुक्त समयको चयन गर्नुहोस् ।

**तुला** — कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ । सहयोगीहरूले सहयोग दिनेछन् । राजकीय वा प्रशासनिक क्षेत्रबाट सहयोग मिल्नेछ ।

**वृश्चिक** — प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ । सामाजिक दायित्व निर्वहनमा सफलता मिल्नेछ । पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ ।

**धनु** — व्यापार व्यवसायमा मनग्य लाभ रहनेछ । प्रशंसनीय कामले समाजमा लोकप्रियता बढ्नेछ । नोकरी वा पेशामा अधिकारी वर्गहरूबाट प्रशंसा पाइएला ।

**मकर** — धर्मकर्ममा रुचि बढ्नेछ । रोग प्रतिरोधात्मक क्षमता बढाउन पौष्टिक भोजनको सेवन गर्नुहोस् । विवादास्पद विषयबाट टाढा रहनु राम्रो हुनेछ ।

**कुम्भ** — व्यवहारमा परिवर्तन आउन सक्छ । रुचिको कार्यमा मन जानेछ । करियरलाई लिएर शुभचिन्तकहरूको सहयोग मिल्नेछ ।

**मीन** — पुरानो लगानीबाट लाभ आर्जन गर्न सकिएला । नयाँ जागिरको खोजीमा सफलता मिल्नेछ । विद्यार्थीहरूको अध्ययन अध्यापनमा मन लाग्नेछ ।

कथा :

# कथा जस्तै एउटा दुर्घटना



✍ महेश्वर प्रधान

छोरालाई होस्टल पुऱ्याउनुपर्ने र स्कूलको कार्यक्रममा सहभागी हुनुपर्ने थियो। बिहान ७ बजे एउटा सानो गाउँदेखि बाबुछोरो बाइकमा हुइँकियौं चियाखाजा टन्न खाएर। बाटोभरि गफ गर्दैगर्दै र रमाइलो प्राकृतिक दृश्यहरूको अवलोकन गर्दै हामी ८ बजेर ५० मिनेटमा स्कूल पुग्यौं।

छोरालाई होस्टलमा छोडी स्कूल नजीकको दाजुको घरतिर लागें। भाउजूको हातको तातो चिया पिएँ। केही क्षण गफ गरेपछि कार्यक्रम हेर्न दाजु र म लाग्यौं। कार्यक्रम साँच्चै रमाइलो थियो। विद्यार्थी नानीहरूको प्रतिभा देखेर म आफैं छक्क परें। साँच्चै सुन्दर र रमाइलो कार्यक्रम हेर्दाहेर्दै सकियो। घडीमा उतिखेर २ बजेर ४५ मिनेट गइसकेको थियो। घर फर्की भाउजूले हातको मीठो तातो भात खाएर म निस्कें आफै वासस्थानतिर। निस्कँदा दिउँसोको चार बजिसकेको थियो।

"अलिक बिस्तारै जानु है भाइ, पुगेर फोन गर ल।" म ढिलो भएकोमा कतै हतार गरेर जान्छ कि भनेर भाउजूले सतर्क पनि गराइन्।

"हुन्छ अब घरै पुग्नु त हो। म बिस्तारै जान्छु।" बिदा मागेर म निस्कें। फराकिलो बाटो, कम्ती गाडी गुड्ने कफेरको बाटोमा म निकै स्पीडमा थिएँ। माथि लाभा आइपुग्दा त साँझ झर्न लागेको थियो। लाभामा नबिसाई हिंडें।

लाभादेखि निकै तल जङ्गलमा आइपुग्दा बाटामा एउटी स्कूले ठिटी खाताकिताब बोकेर एक्लै हिंडिरहेकी थिई। उनको छेउमा पुगेर ब्रेक लगाएँ। बाइक झ्याप्प रोकें र सोधें, "नानी यति वेला एक्लै कहाँ हिंडेको ?"

"स्कूलमा प्रोग्राम थियो, ढीलो भयो र हिंडेरै घर लागेको नि।" उसले सानो स्वरमा भनिन्।

"आऊ बाइकमा चढ म पुऱ्याइदिन्छु।"

"हुन्छ धन्यवाद !" ऊ मेरो कुरा खरक्क मानिन्। बाइकमा चडेर थचक्क बसिन्।

बाइक कुदिरहेको छ। म उसलाई आफ्नै छोरी जस्तो गरेर केही सुनाइरहेको छु।

"आज किन ढिलो भयो ? गाउँबाट तिम्रो अरू साथी छैनन् ?"

"स्कूलमा प्रोग्राम थियो। म होस्ट गरिरहेको थिएँ। गाउँबाट छ नि साथीहरू तर सबै अघि नै गइसके।" उसले भनिन्।

"नानी यसरी यस्तो बेला छोरी मान्छेहरू एक्लै हिंड्नुहुन्न। सर गुरुमालाई भनेर गाडी, बाइकको बन्दोबस्त मिलाउन लगाउनु नि।"

"होइन प्रोग्राम सकेर थन्कोमन्को गर्दा सर मेमहरू गइसक्नु भएको थियो।"

"कि त साथीकै तिर बसेको भए पनि हुन्थ्यो त।" म बाबु जस्तै उसलाई अर्ती दिंदैछु।

"म इलेभेनमा भर्खर त जोइन गरेको साथीहरू उस्तो चिन्दिनँ।"

"उसो भए फोन गरेर घरबाट कसैलाई बोलाउनु नि।" म चाहिं पीर मानेर भन्छु।

"होइन घरमा कसैकोमा पनि फोन छैन। मेरो पनि फोन छैन।" उसले आफ्नो विवशता बताई।

सुनेर कस्तो नमीठो लाग्यो। अचम्म पनि ! यस्तो युगमा पनि परिवार कसैसँग एउटा मोबाइल नहुनु। तर भन्न चाहिं केही भनिनँ।

बाटोभरि आफ्ना धेरै कुरा बताइन्। विगत, वर्तमान र भविष्यका सपनासम्म बताइन्। आफू पढेर डाक्टर बन्ने बताइन्। आफ्नो गाउँमा बाटो नहुनाले कैयौं मानिसले अकालमा ज्यान गुमाउन परेको कुरा सुनेर साँच्चै दुःख लाग्यो। आफू धेरै पढेर डाक्टर हुने र गाउँलेहरूलाई निःशुल्क सेवा गर्ने महान् सोच पनि बताइन्। सुनेर धेरै खुशी लाग्यो। उसलाई शुभकामना र आशीर्वाद पनि दिएँ।

हामी गफिंदै आउँदै थियौं। कुवापानी पुग्नअघि अलिक माथि गोलाइमा उसले "मलाई यही रोकिदिनोस् न। म यही झर्छु।" भनिन्।

बाइक रोकेर छक्क पर्दै सोधें, "यहाँ पनि गाउँ छ ?"

"हजुर, यो गोलाइबाट ओरालो गएपछि हाम्रो गाउँ भेट्छ। धेरै धेरै धन्यवाद हजुरलाई। मलाई लिफ्ट दिनुभएकोमा।" उसले कृतज्ञता जताइन्।

"अब उसो एक्लै नहिंड्नु। ढिलो भएको खण्डमा साथीकोमा बस्नु, नत्र सर मिसलाई भनेर गाडी गराइमाग्नु ल।" छुटिन अघि पनि उसलाई सम्झाउँछु।

"हुन्छ। तर म जस्तोलाई कसले पो बास दिन्छ र ?" यति बोल्दै ऊ त्यहाँबाट ओरालै लागिन्। म केही क्षण ऊ गएको हेरें अनि बाइक स्टार्ट गरेर लागें।

कुवापानीमा आइपुगेपछि साह्रै चिसो लागेको जस्तो भएर चिया पिउन बाइक रोकें एउटा चियापसल अगाडि। पसलभित्र पस्दै, "तातो चिया बनाइदिनोस् न," भनें। दोकाने साह्रै असल रहेछ। मेरो स्थिति देखेर होला उनले भनिन्, "तपाईंलाई त साह्रै चिसो लागे जस्तो छ। चूलोमा एक क्षण जीउ तताउनोस्। चार(पाँच जना चूलो घेरेर आगो तापिरहेका थिए। उनीहरूले घसाकघुसुक गरेर मेरो लागि सानो ठाउँ बनाइदिए।

"कहाँबाट आउनु भएको ?" आगो तापिरहेको बुढो बुढो एक जनाले सोधे।

"म कफेर छोरोको स्कूलबाट आएको।" दुवै हातको पन्जा आगोमा सेकाउँदै भनें।

"रातै पो परिसक्यो त। अलिक ढिलो हुनुभयो।" अर्की एक जनाले भनिन्।

"हजुर ढिलै भयो। फेरि एउटी स्टुडेन्ट नानी एक्लै यो जंगलको बाटोमा आइरहेकी थिइन् उसैलाई लिफ्ट दिएँ। दुईजना बाइकमा गफ गर्दै बिस्तारै आयौं।" मैले यति भन्दा सबैले मलाई अनौठो पाराले हेरे।

एक क्षण सूनसान भएपछि अघिकै मान्छेले सोधे, "कहाँ भेट्नुभयो र कहाँ झरिन् ऊ ?"

मैले सहज स्वरमा भनें, "लाभादेखि अलिक तल जंगलकै मुखमा भेटें र यहाँ माथिको गोलाइमा झरेर सानो गोरेटोबाट ओह्रालो लागिन्।"

"कस्तो थियो त्यो नानी ?" दोकानेले मलाई चियाको कप दिंदै सोधिन।

"स्टुडेन्ट ड्रेसमा थियो। सानी १५/१६ वर्षकी होली। यस पालि भर्खरै इलेभेनमा जोइन गरेकी भन्थी। स्कूलको प्रोग्राममा ढिलो भएर रात परेको भनिन्। घर चाहिं त्यही गोलाइबाट तलतिर छ भन्थी।" संक्षेपमा बताएँ।

"ए तपाईंलाई पनि उसले भेटेछ। त्यो नानी त मरेको हो नि। त्यो गोलाइबाट ओह्रालो त चिहानघारी छ। त्यही त दफनाएको हो उसलाई।" एक जनाले यति भनिन्।

यो सुनेर मेरो हातबाट चियाको कप झन्डै झरेको। जीउ सिरिङ्ग भएर आयो। मलाई सपना जस्तो लाग्यो। कुरा बुझेर पनि म केही नबुझे जस्तो भएँ। दोकानेले भनिन्, "त्यो नानी साह्रै राम्रो थिई। सुबानी ज्ञानी थिई। आफू पढेर डाक्टर बन्छु भन्थी। गरीब दुःखीलाई निःशुल्क सेवा गर्छु भन्थी। माध्यमिक परीक्षा पनि फर्स्ट डिभिजनमा पास गरेकी थिई। एकै रातको ज्वरोले त्यो नानी मरिन्। सारा गाउँ रोयो। उसको मलामीमा नरुने भन्ने कोही थिएन। उसको पारिवाको आर्थिक स्थिति राम्रो छैन। सारा गाउँ मिलेर उसको अन्त्येष्टि कार्य गरिदियो। एकदमै राम्री मान्छे थिई।"

म एक शब्द बोल्न सकिनँ। यतिखेर मेरो आँखा अघि झलझली त्यो नानी आयो। कानमा उसको स्वर गुन्जिरहेको थियो। म एक क्षण बसें चियाको पैसा दिएर घर फर्कें।

रविले यो कथा सुनाइसक्दा मेरो आँखाको कुनाकुनामा आँसु खसिसकेको थियो। त्यो अपरिचित नानीको एउटा चित्र मेरो मनमा कोरिएको थियो। उनको गाउँको सानो स्कूलमा पढेर पनि डाक्टर बन्ने सपना, सेवा गर्ने लक्ष्य सम्झिरहेको थिएँ। आजकलका धेरै विद्यार्थी लक्ष्यहीन उच्छृङ्खलता परिपूर्ण भएको देख्छु तर उनी ...। खाऊँखाऊँ लाऊँलाऊँ भन्ने उमेरमा सही उपचार नहुँदा मृत्युको कोखमा पसेको सम्झें। विकासको नाममा घोटाला गर्नेहरूले गाउँघरसम्म पुग्ने बाटोघाटोमा घोटाला गरेको सम्झें। भोटको बेला नेताहरू यस्ता गाउँघरतिर पसेर सोझा जनतालाई झूटो आश्वासन दिएको सम्झें। कति धेरै दुःख लागेर आयो।

"आज पनि लाभाको बाटोमा हिंड्दा म ती नानीलाई सम्झन्छु। कतै फेरि भेट्छु कि भन्ने लागिरहन्छ।" रविले दैलोमा पुगेर यति भन्न भ्यायो अनि आँगनमा निस्केर बाइक स्टार्ट गरेर गयो।

म भने रवि गएको हेरिबसें। ऊ ओझेलमा पऱ्यो तर कथा जस्तो लाग्ने नानीको दुर्घटना ओझेलमा पर्न सकेन।

कविता

## चारकिल्ला बाहिरबाट



✍ राजकुमार श्रेष्ठ

तिनै धूप र धुपौराहरूले
कायापलट हुन्थ्यो त मेरो गाउँ
किन सपनाविहीन भएर बाँच्थ्यो
किन देशविहीन भएर बाँच्थ्यो र
न्यायका सिमानामुनि थिचिएर
किन युगौं कुँजिएर बस्थ्यो ?
लामा लामा लोकमार्ग
छिचोलिसक्यो
मेरो गाउँबाट अरुणले
हजारौं विलाप बगाइसक्यो
युगौं सुसाइसक्यो र फेरिसक्यो
मारुनी र संगिनी धुनहरू

जब देशले चारकिल्ला
भित्रबाट
मेरो गाउँलाई शासन गर्यो
अकाशको चन्द्रमा देखाउँदै जब
दियोलाई सूर्य भन्दै बेचियो
न्यायका चारकिल्ला बाहिर
बसेर
पटक पटक मरेको हो मेरो गाउँ
पटक पटक बलात्कृत आँशू
रोएको हो
पटक पटक अन्धकार पिएको
हो र
आज लामा लामा लोकमार्गहरू
छिचोलेर
सिमानाहरू तोड्न आतुर
देखिन्छ
मेरो गाउँ
सपना आफैं देख्छ र
आफैं शासन गर्छ

फेरि धूप र धुपौराहरूले
काला भर्सेलीहरूको सपना
देखे भने
चारकिल्ला भित्रको युगबाट
इतिहास हराउला र फेरि
जुरुक्कै उठ्ला मेरो गाउँ !

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### उपभोक्ता लागत साझेदारी कार्यक्रमको आशयपत्र प्रकाशन सम्बन्धी सूचना

**(मिति: २०८१/१२/०१)**

यस नगरपालिकाको आ. व. २०८१/०८२ वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता लागत साझेदारी सम्बन्धी कार्यविधि, २०८० बमोजिम कार्यक्रम कार्यान्वयनको लागि सूचना प्रकाशन गरिएकोमा रितपूर्वक दर्ता भएका प्रस्तावना उपर साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन र सहजिकरण समितिको मिति २०८१/११/२८ गतेको निर्णयानुसार तपसिलका आयोजनाहरु छनोट भएकोले जानकारीको लागि आशयपत्र प्रकाशन गरिएको छ। छनोट भएका उपभोक्ता समिति/संस्थाले योजनाको छुट्टै खाता सञ्चालन गरी साझेदारी रकम जम्मा गरेको सक्कल भौचर सहित १५ (दिन) दिन भित्र योजना सम्झौताको लागि नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राखहुन अनुरोध छ।

**तपसिल**

| सि. न. | आयोजनाको नाम | ठेगाना | साझेदारी रकम | | कुल रकम |
|---|---|---|---|---|---|
| | | | उपभोक्ताको तर्फबाट | नगरपालिकाको तर्फबाट | |
| १ | बोटेचौर नयाँ बजारमा सडक डिभाइडर रेलिङ ९ तथा बगैचा निर्माण तथा अन्य कार्य। | वडा नं-९ | ९०,००० | १,३५,००० | २,२५,००० |
| २ | नाके डाडामा नागको मूर्ति संरक्षण गर्न मन्दिर तथा ९ घेरावार। | वडा नं-९ | ८०,००० | १,२०,००० | २,००,००० |
| ३ | हरियाली कृषि सहकारी को भवनको स्तरोन्नति | वडा नं-२ | ६०,००० | १,४०,००० | २,००,००० |
| ४ | लाटिढुङ्गा कोशिघाट सिचाईमा पाईप खरिद तथा विछ्याउने कार्य। | वडा नं-६ | १,५०,००० | ३,५०,००० | ५,००,००० |
| ५ | दहचौर युवा क्लव कालिखोलाको समसानघाटमा प्रतिक्षालय निर्माण | वडा नं-१२ | ५१,००० | १,१९,००० | १,७०,००० |
| ६ | देवि दुर्गा भगवति मन्दिरमा पर्खाल प्रतिक्षालय। | वडा नं-६ | १,६०,००० | २,४०,००० | ४,००,००० |
| ७ | लाम पोखरी सामुदायिक बन कार्यालय भवन घेरावार। | वडा नं-१३ | ३,००,००० | ४,५०,००० | ७,५०,००० |
| ८ | साना किसान कृषि सहकारी संस्था खाद्यान्न, उत्पादन तथा संकलन केन्द्र भवन निर्माण। | वडा नं-७ | ३,००,००० | ७,००,००० | १०,००,००० |
| | जम्मा | | ११,९१,००० | २२,५४,००० | ३४,४५,००० |

**प्रशासकीय अधिकृत**

गजल



✍ गम्भीर दुवाडी

देउराली साथ प्यारो सिरानी
हो यही
क्रान्तिकारी पाखुरा
जिन्दगानी हो यही
अग्निले झैं सूर्यले ताप
दिन्छन् फाँटमा
रातमा लाग्ने जुनेली
निशानी हो यही
सृष्टिको उपहार स्वरूप
पाएको यहाँ
बाँच्नलाई नै दिएको
जवानी हो यही

दैवको लीला छ साँच्चै
लुकेको प्राणमा
दिव्यशाला धर्मको
सावधानी हो यही
जायजेथा जे भनौं यो
उनैको दृष्टिमा
मृत्युको सङ्घारमा पुग्छु
कहानी हो यही

गजल

✍ गगन राई

कोही यस्ता छौं जो कान भएर
पनि सुन्दैनौं
कोही त्यस्ता छौं जो आँखा
भएर पनि देख्दैनौं
देश खोक्रो बनाइसके हामीले
बनाएका नेताले
खबरदारी बोल्नलाई मुख भएर
पनि बोल्दैनौं

विज्ञानले विश्वमा चमत्कार
देखाइसकेको छ
हामी अझै जातको नाममा
अर्काको घर पस्दैनौं
दुःख लाग्छ यति छिट्टै मानवता
मरेको देखेर
बाटोमा लडिरहेको मान्छेलाई
फर्केर हेर्दैनौं।

**अनुसुची-१५**
**(दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१२/०२**

श्री भदाले सामुदायिक वन उपभोक्ता समूह छेडागाड न.पा.-११, जाजरकोटको सामुदायिक वन बाट २०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड सल्ला जातको गोलिया काठ २५७ थानको ४८७५.४५ क्यूफिट, बी ग्रेड सल्ला जातको गोलीया काठ ९० थानको १०३२.६५ क्यूफिट जम्मा गरी ३४७ थानको ५९०८.१३ काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस त्रिवेणी सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सुचना यस श्री भदाले सामुदायिक वन उपभोक्ता समूहको कार्यालय छेडागाड न.पा.-११, जाजरकोट श्री छेडा सब-डिभिजन वन कार्यालय खारा जाजरकोटको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री भदाले सामुदायिक वन उपभोक्ता समूह**
**छेडागाड न.पा.-११, जाजरकोट।**

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृतीको आशयको सूचना

**(सूचना प्रकाशन मिति: २०८१/१२/०२)**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर तथा PS वाहेक) |
|---|---|---|---|---|
| १ | NCB/BM/GOODS/081-082/08 | Supply and delivery electrical accessories | Unique Star Electrical Engineering Prt. Ltd. Tarakeshwor -1, Kathmandu | 37,76,687.00 |
| २ | ncb/bm/w/8182/45 | Deuti Tole Road Upgrading Works Birendranagar 3, Surkhet | Shresty Nirman Sewa Birendranagar 4, Surkhet | 12,99,545.15 |

**प्रमुख प्रशासकीय अधिकृत**
**वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेत**

## जीपको ठक्करबाट वृद्धको मृत्यु

**◣युग संवाददाता**
**नेपालगञ्ज, १ चैत ।**

पूर्व-पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको जिपले पैदल यात्रीलाई बाँकेको कोहलपुरमा ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ।

जीपको ठक्करबाट आज कोहलपुर नगरपालिका-१५ का ६० वर्षीय अटवारी थारुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायव उपरीक्षक दीपक पातलीले जानकारी दिनुभयो। सडक छेउमा पैदल यात्रा गरिरहेका थारुलाई प्र २०३ ००१ च ३९९२ नं जिपले ठक्कर दिएको हो। इलाका प्रहरी कार्यालय, सुनवलको टोलीले जिप चालकलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

## वीरेन्द्रनगरमा गुडिरहेको गाडीबाट हाम फाल्दा एक जनाको मृत्यु



**◣युग संवाददाता**
**सुर्खेत, १ चैत ।**

सुर्खेतको वीरेन्द्रनगरमा गुडिरहेको फोर्स गाडीबाट हाम फाल्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा वीरेन्द्रनगर-१२ नेवारे का ३७ वर्षीय लक्ष्मीप्रसाद उपाध्याय रहेका छन्। गए राती ११ बजेको समयमा वीरेन्द्रनगर-१२ तीनकुने चोकबाट ईत्रामतर्फ जाँदै गरेको भे १ ख १९०४ नम्बरको फोर्स गाडीको ढोकाबाट सडकमा हाम फाल्दा उनी घाइते भएका थिए।

घाइते उपाध्यायलाई तत्काल उपचारको लागि प्रदेश अस्पताल सुर्खेतमा लगेकोमा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक रुपेश खड्काले बताए। उनको शव हाल प्रदेश अस्पतालको शव गृहमा राखिएको छ। गाडी चालक वीरेन्द्रनगर-१२ बस्ने २४ वर्षीय कुशल राना प्रहरीको नियन्त्रणमा रहेको र घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। उपाध्याय वीरेन्द्रनगरमा लामो समयदेखि डेरी सञ्चालन गर्दै आएका थिए।

## 'प्रेस स्वतन्त्र नभए लोकतन्त्र मासिन्छ'

**◣युग संवाददाता**
**सुर्खेत, १ चैत ।**

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष निर्मला शर्माले प्रेस स्वतन्त्र हुन नसके लोकतन्त्र मासिने बताएकी छन्। शुक्रबारदेखि सुर्खेतको वीरेन्द्रनगरमा महासंघ कर्णाली प्रदेश समितिले आयोजना गरेको कर्णाली प्रदेशका पत्रकार महिलाका लागि व्यवसायिक पत्रकारितामा लैङ्गिक संवदेनशिला विषयक तालिमको उद्घाटन सत्रमा बोल्दै अध्यक्ष शर्माले यस्तो बताएकी हुन्।



अझै पनि समाचार लेखेकै भरमा पत्रकारहरु असुरक्षित हुने अवस्थाको अन्त्य हुन नसकेको उल्लेख गर्दै अध्यक्ष शर्माले पत्रकारितालाई कमजोर बनाउन लागेको असंगठित समूहप्रति सचेत रहनु पर्ने बताइन। तीन दिनसम्म चल्ने तालिमको प्रशिक्षकसमेत रहेकी अध्यक्ष शर्माले व्यवसायिक पत्रकारिता मजबुद र बलियो भएमात्रै महिलाहरुलाई पत्रकारितामा आकर्षित गराउन सकिने बताइन।

महासंघमा सदस्यता शुद्धीकरणमा देखिएको विवाद समाधान गर्न सामाजिक परीक्षण आवश्यक रहेको उनको भनाई थियो। संघ, प्रदेश र स्थानीय सरकारले निर्माण गर्ने हरेक नीतिहरु सञ्चारमैत्री हुनुपर्ने उनको जोड थियो। तालिमबाट सिकेका ज्ञान र सीपलाई व्यवहारमा लागु गर्न सकेमात्रै महिला पत्रकारहरुको सशक्तिकरण हुने उनको भनाई थियो।

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले लुकाइएका मात्र नभइ तथ्यमा आधारित रहेर लुकेका सामग्री प्रचारप्रसार गरि समाजमा उत्साह छर्नतर्फ पत्रकारहरुले भूमिका खेल्नु पर्ने बताए। प्रदेश सरकारले विकास, निर्माण र सुशासन कायम गर्ने दिशामा चालेको कदमलाई पत्रकारका कलमले चिन्न सके समाजमा रहेको निराशा चिर्न सकिने मुख्यमन्त्री कँडेलले दावी गरे।

## रुखले च्याप्दा दुई जनाको मृत्यु

**◣युग संवाददाता**
**दैलेख, १ चैत ।**

दैलेखमा रुखले च्याप्दा दुई जनाको मृत्यु भएको छ। शुक्रबार बिहान जिल्लाको भैरवी गाउँपालिका-५, ढाडगाँउ स्थित सियाला सामुदायिक वनमा दाउरा काट्न गएका ४९ वर्षीय तर्कबहादुर शाही र २७ वर्षीय इन्द्रबहादुर शाहीको रुखले च्यापेर मृत्यु भएको प्रहरीले जनाएको छ।

बार्षिक पुन्य तिथिका लागि दाउरा काट्न गएका उनीहरुको रुख ढाल्नेक्रममा चोट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख प्रहरी नायव उपरीक्षक सुनिल दाहालले जानकारी दिए। उनका अनुसार सल्लाको रुख ढाल्ने क्रममा घाइते भएका उनीहरुलाई उपचार गर्न लैजादै गर्दा मृत्यु भएको हो।

## एकीकृत समाजवादीले घोषणा गऱ्यो आन्दोलनका कार्यक्रम




**◣युग संवाददाता**
**काठमाडौं, १ चैत ।**

नेकपा (एकीकृत समाजवादी) ले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर महासचिव घनश्याम भूसालले वैशाख २२ गतेसम्मको आन्दोलनको घोषणा गरेका हुन्।

महासचिव भूसालले राजनीतिलाई सत्ताको खेल या आगामी निर्वाचनको जोड घटाउबाट मुक्त गर्न आन्दोलन गर्नुपरेको बताए।

आन्दोलनका कार्यक्रमअनुसार चैत्र २-६ सम्म मातहत कमिटीहरूमा छलफल, चैत्र ७-१५ सम्म केन्द्रीय तहमा विभिन्न क्षेत्रका संघ-सङ्गठन तथा व्यक्तिहरूसँग सम्वाद तथा सुझाव संकलन, चैत्र २० गते सरकारलाई ज्ञापन पत्र बुझाउने, चैत्र मसान्तसम्म प्रदेश र जिल्ला तहमा सार्वजनिक सम्वाद तथा सुझाव सङ्कलन गर्ने महासचिव भूसालले जानकारी दिए।

उनका अनुसार वैशाख ५ गते प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र पेस गर्ने, वैशाख १५ गतेसम्म पालिका र वडा तहमा सार्वजनिक सम्वाद तथा सुझाव संकलन, बैशाख १९ देखि २२ सम्म पालिका र वडा कार्यालयहरूमा ज्ञापन पत्र पेस गर्ने र वैशाख २५ गते दोस्रो चरणको आन्दोलनको घोषणा हुनेछ।

'सुशासन र रोजगारी समाजवादको तयारी' नारा तय गरेर आन्दोलनमा जान लागेको एकीकृत समाजवादीले कृषि, उद्योग, पर्यटन र पूर्वाधारलाई रोजगारीको आधार भनेको छ।

## सरकारको....

९० लाख सङ्कलन भएको छ। त्यस्तै, गैरकर राजस्वतर्फ रू एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख उठाउने लक्ष्य रहेकामा हालसम्म ६० दशमलव ३६ प्रतिशत अर्थात रू ८१ अर्ब ५४ करोड ७७ लाख असुली भएको छ।


सरकारको वैदेशिक अनुदान सङ्कलन पनि निकै कमजोर छ। चालु आर्थिक वर्षका लागि रू ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको १७ दशमलव ५१ प्रतिशत अर्थात रू नौ अर्ब १६ करोड २५ लाख अनुदान लिइएको छ।













**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।